# लेखापरीक्षण प्रतिवेदन

# बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/518

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सिन्धुपाल्चोक।

## कैफियतसहितको राय

हामीले बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यसप्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयलेपार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृतवार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीयसंचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमाआधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रणगर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड ४५ लाख ५५ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. २३ लाख ९५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५४ लाख ६७ हजार, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२८ लाख २४ हजार र एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु. ५ करोड ३६ लाख ४१ हजार समेत गरी रु. १७ करोड ८८ लाख ८२ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब २५ करोड ३२ लाख ४३ हजार लेखापरीक्षणवाट रु. ५ करोड ५६ लाख ६३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फछ्र्यौट नभई बाँकी बेरुजु रु. ५ करोड ५६ लाख ६३ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रू. २२ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४१ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ८० लाख ०२ हजार र पेश्कि रु. ११ लाख ९६ हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु. १५ करोड ८८ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु. १६ लाख ४२ हजार सम्परीक्षणबाट फछ्र्यौंट भई रु. १५ करोड ७१ लाख ९० हजार बाँकी रहेकोमा यो वर्ष रु.५ करोड ५६ लाख ६३ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड २८ लाख ५३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बलेफी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट

स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रत्ननगर नगरपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | १८९ | ५,५६,६३,३४४ | ० | ० | ० | ० | ६२ | १८९ | ५,५६,६३,३४४ | २२,९०,६८१ | ४,८०,०१,५४८ | ४१,७५,२१४ | ० | ० | ५,२१,७६,७६२ | ११,९५,९०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | १५,८८,३२,००० | ० | १६,४२,१११ | १५,७१,८९,८८९ | ० | ५,५६,६३,३४४ | २१,२८,५३,२३३ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८५ | सामाजिक सुरक्षा भत्ता | ७,५७,७६५ |
| २ | २०७९/८० | ७९ | राजश्वको रकम धरौटीमा जम्मा गरेको | ३७,००० |
| ३ | २०७९/८० | ३८ | बैठक भत्ता | १२,००० |
| ४ | २०७९/८० | ५२ | बिल भरपाई | १०,००० |
| ५ | २०७९/८० | ८६ | पशुतर्फ | ३,००० |
| ६ | २०७९/८० | ६६ | नाक, कान, घाँटी तथा मुख अभिमुखीकरण कार्यक्रम | १,२०० |
| ७ | २०७९/८० | ३६ | दैनिक तथा भ्रमण भत्ता | ४,००० |
| ८ | २०७९/८० | ८४ | क्षमता विकास तालिम कार्यक्रम | ५१,२०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ६८ | आइएमएनसिआइ अनसाइट कोचिङ् | ९,६०० |
| १० | २०७९/८० | ५४ | अभिमुखिकरण तालिम कार्यक्रम | ४५,६०० |
| ११ | २०७९/८० | ५० | अन्तक्रिया कार्यक्रम | २७,००० |
| १२ | २०७८/७९ | ४४ | बढी भाडा भुक्तानी | ३,६०० |
| १३ | २०७८/७९ | ६१ | एकिकृत स्वास्थ्य बिकास कार्यक्रम | ६,८०,१४६ |
| जम्मा | | | | १६,४२,१११ |

# (८०३२७५०५३०० - बलेफी गाउँपालिका, सिन्धुपाल्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडारहेको छ भने क्षेत्रफल ६१.६० वर्ग किलोमिटर तथा १७,०८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १,२५,३२,४२,७७५.०० को लेखापरीक्षण भएको छ ।सोको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३३५९३४.४१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पार्किङ्ग खाता तथा लगत कट्टा भएको ब्यक्तिको खातामा रहेको सामाजिक सुरक्षा वापत रकम | १३३५९३४.४१ |

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

३ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

## प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|---|
| | | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | ८,२५,४५,४३१.१५ | ८,२५,४५,४३१.१५ | (८,९१,६५६.४६) | (८,९१,६५६.४६) |
| १३००० | अनुदान | | ३२,९७,७४,६२५.८० | ३२,९७,७४,६२५.८० | ३९,०१,३४,२३५.५० | ३९,०१,३४,२३५.५० |
| १४००० | अन्यराजस्व | | ८९,४५,४६१.२२ | ८९,४५,४६१.२२ | ८५,७२,४६९.४९ | ८५,७२,४६९.४९ |
| १५००० | विविधप्राप्ति | | ५,१९,०४५.०० | ५,१९,०४५.०० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ४२,१७,८४,५६३.१७ | ४२,१७,८४,५६३.१७ | ३९,७८,१५,०४८.५३ | ३९,७८,१५,०४८.५३ |
| ३ | चालु | | ३०,८२,०७,४८७.८७ | ३०,८२,०७,४८७.८७ | २८,९२,३४,६६९.३४ | २८,९२,३४,६६९.३४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३,५३,०५,८६६.०० | १३,५३,०५,८६६.०० | १५,२७,५२,२३३.७५ | १५,२७,५२,२३३.७५ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ९,२०,२९,५३१.८७ | ९,२०,२९,५३१.८७ | ७,९४,३४,४२७.५९ | ७,९४,३४,४२७.५९ |
| २५००० | सहायता (Subsidy) | | ४८,३८,५६९.०० | ४८,३८,५६९.०० | ० | ० |
| २६००० | अनुदान | | ५,४५,५५,२२८.०० | ५,४५,५५,२२८.०० | ४,२६,९५,०७५.०० | ४,२६,९५,०७५.०० |
| २७००० | सामाजिकसुरक्षा | | ६७,९०,२५६.०० | ६७,९०,२५६.०० | १,०२,५२,३१२.०० | १,०२,५२,३१२.०० |
| २८००० | अन्यखर्च | | १,४६,८८,०३७.०० | १,४६,८८,०३७.०० | ४१,००,६२१.०० | ४१,००,६२१.०० |
| ४ | पूंजीगत | | १३,२४,८९,४७५.०० | १३,२४,८९,४७५.०० | १७,९५,७२,४१७.५८ | १७,९५,७२,४१७.५८ |
| ३१११० | भवनतथा संरचना | | २,०५,५५,९२१.०० | २,०५,५५,९२१.०० | ४,२२,३४,२८६.५० | ४,२२,३४,२८६.५० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७०,२०,१०६.०० | ७०,२०,१०६.०० | ५४,२१,१९६.०० | ५४,२१,१९६.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | २,९६,४११.०० | २,९६,४११.०० | २८,०९,१२३.०० | २८,०९,१२३.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | १०,४०,८९,११३.०० | १०,४०,८९,११३.०० | १२,२३,०४,५८१.०८ | १२,२३,०४,५८१.०८ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ३२,८४४.०० | ३२,८४४.०० | ० | ० |
| ३११७० | पूँजीगतसुधार खर्च | | ४,९५,०००.०० | ४,९५,०००.०० | ६८,०३,२३१.०० | ६८,०३,२३१.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ४४,०६,९६,९६२.८७ | ४४,०६,९६,९६२.८७ | ४६,८८,०७,०८६.९२ | ४६,८८,०७,०८६.९२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,८९,१२,३९९.७०) | (१,८९,१२,३९९.७०) | (७,०९,९२,०३८.३९) | (७,०९,९२,०३८.३९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | ३७,३४,९९५.११ | ३७,३४,९९५.११ | २,०३,८०,६६७.५६ | २,०३,८०,६६७.५६ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | |
| ङ) | **यसआ.ब.को नगद** | | (१,५१,७७,४०४.५९) | (१,५१,७७,४०४.५९) | (५,०६,११,३७०.८३) | (५,०६,११,३७०.८३) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | | | | |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | ८,३९,००,७४३.१० | ८,३९,००,७४३.१० | १३,४५,१२,११३.९३ | १३,४५,१२,११३.९३ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ६,८७,२३,३३८.५१ | ६,८७,२३,३३८.५१ | ८,३९,००,७४३.१० | ८,३९,००,७४३.१० |

४ **एकिकृत आय-व्य**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकिकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

**आर्थिक वर्ष २०८०।८१ को एकिकृत आय व्यय**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | ३०८२०७४८७.८७ | ३०८२०७४८७.८७ |
| | क) नगद | ०.०० | | २ | पूँजीगत खर्च | १३२४८९४७५.०० | १३२४८९४७५.०० |
| | ख) संचित कोष बैंक मौज्दात | ५२७९४६२२.७१ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | बैंक मौज्दात धरौटी खाता | १४९५८१६४.०० | | | क) ऋण भुक्तानी | | |
| | बैंक मौज्दात विभाज्य कोष खाता | ९४८७७८.४३ | | | ख) ब्याज भुक्तानी | | |
| | बैंक मौज्दात प्रकोप व्यवस्थापन कोष खाता | १२४९२०५.०० | | | ग) अन्य भुक्तानी | | |
| | बैंक मौज्दात आकस्मीक कोष खाता | ४८३३४५.०० | | | | | |
| | बैंक मौज्दात विविध खर्च खाता | १३२८३४२९.८० | | ४ | लगानी | | |
| | बैंक मौज्दात विविध कोष खाता (मर्मत संभार) | १०२७२१.०० | ८३८२०२६५.९४ | | ऋण लगानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | शेयर लगानी | | |
| | क) आन्तरिक राजस्व | ५९१२५०९.९२ | | | अन्य लगानी | | |
| | ख) राजस्व बाँडफाँड | ८३४४६९६२.८१ | | ५ | धरौटी फिर्ता | ६९८५१७६.०० | ६९८५१७६.०० |
| | ग) विभाज्य कोष | २३९५२७०.०० | | | | | |
| | घ) अन्य आय | ०.०० | ९१ ७५४७४२.73 | ६ | अन्य कोष/खाता बाट फिर्ता | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | | क) विभाज्यकोषबाट फिर्ता | ०.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १०५९२७०००.०० | | | ख) विविध खर्च खाताबाट फिर्ता | ६६५६३९२.१९ | |
| | ख) सशर्त अनुदान | १६१९२७९६६.३० | | | ग) स्थानीय तह विविध कोष खाता | ०.०० | |
| | ग) समपूरक अनुदान | ६५७१६४१.०० | | | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६४५०००.०० | ७३०१३९२.१९ |
| | घ) विशेष अनुदान | ८१३५५५३.०० | २८२५६२१६०.३० | ७ | शसर्त अनुदान फिर्ता | ०.०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ८ | गत बर्षको बढी अल्या | ०.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १२०३७०००.०० | | ९ | जनश्रमदान मौज्दात | ०.०० | |
| | ख) सशर्त अनुदान | १५५७४०४२.०० | | १० | कोष खाताको मौज्दात | | |
| | ग) समपुरक अनुदान | १२१५७५५१.५० | | | धरौटी खाता | १८४०८२४७.५६ | ६९३६१७४३.५१ |
| | घ) विशेष अनुदान | ६२८७५०९.०० | ४६०५६१०२.५० | | स्थानीय संचितकोष | ३४६०५४९४.१७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | जिल्ला समन्वयबाट प्राप्त | ११५६३६३.०० | ११५६३६३.०० | | विभाज्य कोष खाता | ०.०० | |
| ६ | अन्य | | | | बाँडफाँडबाट प्राप्त राजश्व खाता | ०.०० | |
| | क) कर्मचारी कल्याण कोष (जिल्ला समन्वय समिति) | १२८८६६१.०० | | | चालु खर्च खाता विजोर खाता | ०.०० | |
| | ख) सडक बोर्ड नेपाल | ३३९९८५२.०० | | | पुंजिगत खर्च खाता विजोर वर्ष | ०.०० | |
| | ग) PLGSP बाट प्राप्त सूचना अधिकृतकोपारिश्रमिक रकम | ३८०९९९.९८ | | | आन्तरिक राजस्व खाता | ०.०० | |
| | घ) बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त (गृहणी महिला शसक्तिकरण कार्यक्रम) | १३५१९७६.०० | | | प्रकोप व्यवस्थापन कोष खाता | ६०४२०५.०० | |
| | ङ) मध्य भोटेकोशी हाइड्रोपावर र विद्युत प्राधिकरणबाट प्राप्त | १९६२५००.०० | | | आकस्मीक कोष खाता | ४८३३४५.०० | |
| | च) आ.व. २०७९।८० को सामाजिक सुरक्षा | १२४०५३.१९ | ८५०८०४२.१७ | | विविध खर्च खाता | १५१३५०७९.७८ | |
| ७ | क) स्थानिय तह विविधकोष खाता | २२६५१.०० | २२६५१.०० | | विविध कोष खता (मर्मत संभार) | १२५३७२.०० | |
| | | | | | आन्तरिक अनुदान खाता | ०.०० | |
| ८ | धरौटी आय | १०४३५२५९.५६ | १०४३५२५९.५६ | | | | |
| | जम्मा | ५२४३१५५८७.२० | ५२४३१५५८७.२० | | जम्मा | ५२४३४५२७४.५७ | ५२४३४५२७४.५७ |
| ९ | अन्तरसरकारी अख्तियारी तर्फ रु | | | ११ | अन्तरसरकारी अख्तियारी तर्फ रु | | |
| | क) सामाजिक सुरक्षा कार्यक्रम | ११४५५५३४८.०० | | | क) सामाजिकसुरक्षा कार्यक्रम | ११४५५५३४८.०० | |
| | ख) पर्यटन पुर्वाधार विकास अयोजना | २३९५०००.०० | | | ख) पर्यटन पुर्वाधार विकास अयोजना | २३९५०००.०० | |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५४६६७८१.३४ | | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५४६६७८१.३४ | |
| | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २८२३८३२.०० | | | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २८२३८३२.०० | |
| | ङ) एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ५३६४१०००.०० | १७८८८१९६१.३४ | | ङ) एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ५३६४१०००.०० | १७८८८१९६१.३४ |
| | कुल जम्मा | | ७०३१९७५४८.५४ | | कुल जम्मा | | ७०३२२७२३५.९१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **वित्तीय विवरण परीक्षण**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

५.१ **हिसाब मिलान** - माथि उल्लेखित पालिकाले तयार गरेको एकिकृत आय-व्यय विवरणमा बैंक मौज्दात रु. ६९३६१७४३.५१ रहेको छ । सुत्र अनुसार म.ले.प.फा.नं. २७० मा उल्लेख भएको बैंक मौज्दात रु. ६८७२३३३८.५१ रहेको छ म.ले.प.फा.नं. २७० मा उल्लेख भएको भन्दा एकिकृत आय-व्यय विवरणमा रु. ६३८४०५।– बढी देखिन्छ। बैंङ्कमा बढी मौज्दात भएको हिसाब मिलान हुनुपर्दछ ।

५.२ **हिसाब मिलान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले यस आर्थिक वर्षमा आय-व्ययको लेखांङ्कन अनुसार आय तर्फ रु. ७०३१९७५४८.५४ र व्यय तर्फ रु. ७०३२२७२३५.९१ भएको हुँदा रु. २९६८७.३७ फरक देखिएको हुँदा सो सम्बन्धमा पालिकाले यकिन गरी आय र व्यय बराबरको हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,६८७.३७ |

५.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११,४५,५५,३४८।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५,३६,४१,०००।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ५४,६६,७८१.३४, पर्यटन पूर्वाधार विकास आयोजना रु.२३,९५,०००।- र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम रु.२८,२३,८३२।- समेत गरी रु. १७,८८,८१,९६१.३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १६६१०५६८७.४५ , यस वर्षको प्राप्ति रु. ८६३००३१५५.५९,यस वर्षको भुक्तानी रु. ८९५६८०४९३.९७ र बैङ्क मौज्दात रु. १३३४५८०३६.४८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **८,२२,८५,४२१.५१** | **४२२५०७८३४.३३** | **४४०६९६९६२.८७** | **६४०९६२९२.९७** |
| एकीकृत आर्थिक विवरणअनुसार | ८३८२०२६५.९४ | ४४०४९५३२१.२६ | ४५४९८३५३१.१ | ६९३६१७४३.५१ |
| फरक | १६६१०५६८७.४५ | ८६३००३१५५.५९ | ८९५६८०४९३.९७ | १३३४५८०३६.४८ |

५.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८,३८,२९,७००.९४ मौज्दात रहेकोमा यो वर्ष रु.८,३८,२०,२६५.९४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९४३५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४३५ |

## ६ आन्तरिक नियन्त्रण प्रणाली

६.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा नल्याएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएक

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

• अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको

• विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यादेश संलग्न नरहेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको भएपनि आ.ले.प. प्रतिवेदन विश्वसनिय, भरपर्दो उद्वेश्यमूलक देखिएन। आ.ले.प. प्रतिवेदमा बेरुजु नभएको उल्लेख छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम**

७.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण,

साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु. ५३ करोड २५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

**गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको रु. ३२०६२५९६ भुक्तानी दिएको छ। यसरी गत वर्षको बाँकी दायित्व यसवर्ष भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम अनुसार असरपर्ने भएकोले यस्ता खर्च गर्नेपर्ने परम्परामा निरुत्साहित गर्नुपर्दछ ।

७.४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २३२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमकोनाम | योजनासङ्ख्या | रु.२०लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दाकमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११८ | १२ | १२ | ९४ |
| २ | वडास्तरीय | ११४ | ० | ४ | ११० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२९०८५६५ | २४९६०७३९ | ५.६७ |
| २ | पूर्वाधार विकास | १२७१३००९४ | ९८७३०८२६ | २२.४० |
| ३ | सामाजिक विकास | २२०३७०७०४ | १८८२३५३१३ | ४२.७१ |
| ४ | वित्तीय व्यवस्थापन तथा सुशासन | १६११४९९९ | १२१७३४६३ | २.७६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १३८०६७००८ | ११६५९६६२२ | २६.४६ |
| जम्मा | | ५३४५९१३७० | ४४०६९६९६३ | ८२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.७१ प्रतिशत र वित्तीय व्यवस्थापन तथा सुशासनमा सबै भन्दा घटी २.७६ प्रतिशत रहेको छ ।

७.६ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५९४२१९७।- राजस्व बाँडफाँड रु. ८५८४२३३२।-, अनुदानबाट रु ३२९७७४६।- समेत रु. ४१५६१६८५७।- आम्दानी भएकोमा चालु तर्फ रु ३०८२०७४८८।- र पूँजिगत तर्फ रु १३२४८९४७५।- समेत रु ४४०६९६९६३।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५८६००००।- खर्च भएको छ जुन आन्तरिक आयको ९२.५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.९३ प्रतिशत चालु र ३०.०७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३२४८९४७५।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.७ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३२४८९४७५ | २२७५१९१६ | २५००७५२५ | ९५१९७३३ | ७५२१०३०१ | ३७५५०२८६ |
| प्रतिशत | १०० | १७.१७ | १८.८८ | ७.१९ | ५६.७७ | २८.३४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३२४८९४७५।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२२७५१९१६।- (१७.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२५००७५२५।- (१८.८८प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.९५१९७३३।- (७.१९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३७५५०२८६ (२८.३४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ८ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका र ८ वडाहरुमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न माग गरिएको विवरण पेश भएन।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १० कानून निर्माण एवं कार्यान्वियन

१०.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म २२ वटा ऐन, ४ वटा नियमावली,२२ कार्यविधि लगायत १४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१०.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २३ गरी कुल २९ विवाद दर्ता भएकोमा २५ वटा मात्र फर्स्योट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१०.३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ६६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ११ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## १२ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## १३ जिन्सी दाखिलाको प्रमाण पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई **PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। कार्यालयले कार्यालय प्रयोजनका लागि खरिद गरेको तर आफ्नो जिन्सीमा दाखिला नगरेको साथै हस्तान्तरण गर्नका लागि खरिद गरेका सामाग्रीहरु हस्तान्तरण गरेको तर सम्बन्धित निकायबाट दाखिला प्रतिवेदन प्राप्त नभएका केही भौचर परीक्षण गर्दा सो प्रमाण पेश नभएकोले सोको दाखिला प्रमाण पेश हुनपर्ने अन्यथा सामानलाने निकायबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | संस्थाको नाम | सामानको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १००९- ०८१।०३।२४ | तेडथली टोल भाडाकुडा खरिद वडा नं ३ | भाडाकुडा खरिद | १००००० | समितिले जिन्सी दाखिला नगरेको |
| ७१३- ०८१।०२।०९ | कपिलेश्वर ग्रामिण बचत तथा ऋण कृषक समुह | कुर्सी ३० पिस | १९५०० | नाफामुलक संस्थाका लागि खरिद।उ. स मार्फत खरिद |
| ६९९- ०८१।०२।०३ | कपिलेश्वर ग्रामिण बचत तथा ऋण कृषक समुह | कुर्सी ९२ पिस | ५०००० | नाफामुलक संस्थाका लागि खरिद।उ. स मार्फत खरिद |
| ६९५- ०८१।०२।०२ | श्री सेतीदेवि आ. वि ज्यामिरे | प्रिन्टर १ थान | ३१५०० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| ४८७- ०८०।११।१४ | श्री सातकन्या आ. वि | सांस्कृतिक पोशाक र खेलकुद सामाग्री | २०००० | विद्यालयले जिन्सी दाखिला नगरेको |
| ४८०- ०८०।११।१० | श्री बालज्योती आ. वि | ब्याग १५ थान, ग्यास सेट , कार्पेट र शैक्षिक सामाग्रीहरु | ४५१९० | विद्यालयले जिन्सी दाखिला नगरेको/ ब्याग वितरण नगरेको |
| ३२२- ०८०।०९।१७ | भाषा संरक्षण उपभोक्ता समिति | धिमेबाजा, भुस्याहा , हार्मोनियम र तबला | १४९१६० | समितिले जिन्सी दाखिला नगरेको |
| ९८६- ०८१।०३।२३ | त्रिपुरा परामर्श सेवा केन्द्र | GESI Audit | १५०००० | जिन्सी दाखिला नगरेको |
| ९१०- ०८१।०३।१६ | कार्की आर्ट एण्ड प्रिन्ट<br>अञ्जली फर्निचर एण्ड सोरुम | फ्लेक्स र सिरक खोल म्याड | १०२४८ | जिन्सी दाखिला नगरेको |
| ८८५- ०८१।०३।१३ | बागमती अफसेट प्रेस प्रा. ली | परीक्षा स्टेशनरी सामाग्रीहरु | ९३७९० | जिन्सी दाखिला र वितरण नगरेको |
| ८४- ०८१।०३।१३ | ए. पी विजनेश | परीक्षा कापीहरु | ९४९२० | जिन्सी दाखिला र वितरण नगरेको |
| ७९२- ०८१।०२।३० | त्रिपुरा परामर्श सेवा केन्द्र | सामाजिक परीक्षण | ९९००० | जिन्सी दाखिला नगरेको |
| | जम्मा | | ८६३३०८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६३,३०८ |

१४ **वडा वा स्वास्थ्य केन्द्रमार्फत खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ मा मालसामान खरिद गर्दा नियम ९ र ११ अनुसारको लागत अनुमान तयार गरी नियम १४ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४ अनुसार वस्तु तथा मालसामान खरिद गर्दा अधिकार प्राप्त अधिकारिको लिखित आदेश विना खरिद गर्न नहुने व्यवस्था रहेको छ। परीक्षण गरिएका देहाय बमोजिमका भौचरहरुमा अधिकार प्राप्त अधिकारी गाउँपालिकाद्वारा मालसामान खरिद गरी वडामा हस्तान्तरण गर्नुपर्नेमा वडा वा स्वास्थ्य केन्द्र मार्फत खरिद गरी भुक्तानी भएको नियम सम्मत देखिएन। यसमा पालिकाले ध्यान दिनुपर्दछ।

| गो. भौ . नं / मिति | वडा कार्यालय | फर्मको नाम | सामाग्री | रकम |
|---|---|---|---|---|
| ९६०- ०८१ / ०३ / २० | वडा नं ४ | भोटेकोशी इन्टरप्राइजेज प्रा. ली | मसलन्द सामाग्री | ९९३९४ |
| ९०९- ०८१ / ०३ / १६ | वडा नं १ | अन्तोष सप्लायर्स | मसलन्द सामाग्री | ८७८६८ |
| ९०९- ०८१ / ०३ / १६ | घुस्कोट सामुदायिक स्वास्थ्य केन्द्र | अन्तोष सप्लायर्स | मसलन्द सामाग्री | ७४९९८ |
| ८४९- ०८१ / ०३ / ११ | वडा नं ६ | भोटेकोशी इन्टरप्राइजेज प्रा. ली | मसलन्द सामाग्री | ९९६७७ |
| ८११- ०८१ / ०२ / ३२ | वडा नं २ | जय गुँरास स्टेशनरी एण्ड स्पोर्ट | मसलन्द सामाग्री | ९१४१७ |
| ८११- ०८१ / ०२ / ३२ | वडा नं ५ | अन्तोष सप्लायर्स | मसलन्द सामाग्री | ८२०८३ |
| ७९४- ०८१ / ०२ / ३० | वडा नं ५ | श्री कृष्ण प्लाष्टिक स्टोर्स | डस्टविन खरिद | ९६१०६ |
| ७७३- ०८१ / ०२ / २७ | | सनराइज इन्टरप्राइजेज प्रा. ली | पाइप खरिद | ७३३९९ |
| ७६६- ०८१ / ०२ / २५ | वडा नं ४ | भोटेकोशी इन्टरप्राइजेज प्रा. ली | मसलन्द सामाग्री | ९१६७८ |
| ७५७- ०८१ / ०२ / २३ | मुलावारी आ. स्वा . केन्द्र | आर के एस सप्लायर्स | प्रिन्टर खरिद | २१५०० |
| ७५५- ०८१ / ०२ / २३ | वडा नं ७ | समृद्धि एण्ड सम्पदा सप्लायर्स प्रा. ली | मसलन्द सामाग्री | ९७३७२ |
| ७५५- ०८१ / ०२ / २३ | वडा नं ७ | सुभश्री केनिसा एण्ड के. जी | मसलन्द सामाग्री | ११५६० |
| ७२४- ०८१ / ०२ / १६ | वडा नं ३ | युनिर्सल कम्प्युटर | मसलन्द सामाग्री | ४७३०० |
| ७२३- ०८१ / ०२ / १६ | वडा नं ५ | भोटेकोशी इन्टरप्राइजेज प्रा. ली | मसलन्द सामाग्री | ७९२२९ |
| ६७८- ०८१ / ०१ / ३१ | वडा नं ८ | गौरव प्रिन्टिङ प्रेस | मसलन्द सामाग्री | ६७८०० |
| ६६१- ०८१ / ०१ / २१ | वडा नं ३ | अन्तोष सप्लायर्स | मसलन्द सामाग्री | ९९८९२ |
| ६६१- ०८१ / ०१ / २१ | वडा नं १ | अन्तोष सप्लायर्स | मसलन्द सामाग्री | ९९५७५ |
| ५५७- ०८० / १२ / २८ | वडा नं ६ | भोटेकोशी इन्टरप्राइजेज प्रा. ली | मसलन्द सामाग्री | ९९७४५ |
| ५२७- ०८० / १२ / ०२ | जलविरे प्रा. स्वा . केन्द्र | ब्लु स्टार सर्जिकल हाउस प्रा. ली | विभिन्न सामाग्री | ५५७९९ |
| ४६४- ०८० / ११ / ०१ | वडा नं ८ | त्रिपुरा सुन्दरी इन्टरप्राइजेज सप्लायर्स | मसलन्द सामाग्री | ९७९३८ |

## १५ संगठन तथा कर्मचारी व्यवस्थापन

१५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना कर्मचारीको स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ३३ वटा पदहरु करार सेवाबाट पूर्ति गरेको छ। दरबन्दी बमोजिम स्थायी जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा

पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो लोकसेवा आयोग मार्फत पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१५.२ **तलबी प्रतिवेदन** – बागमती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कायालय या इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका १७ स्थायी कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी रु. १,०७,२१,७७३.१ तलब भत्ता भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गरे पश्चात मात्र तलब भुक्तानी गरिनुपर्दछ।

१५.३ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | १ | ७ |

## १६ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सब इन्जिनियर, अमिन, असई, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, रेडियो ग्राफर, न्यायिक सहजकर्ता, ना.प्रा.स, अनमी, अहेव साहायक पाचौँ, सहायक चौथौ, स्टाप नर्स, वडा स्तरिय वालमैत्री सहजकर्ता, सामाजिक परिचालक जस्ता पदमा ४५ जना करार नियुक्ति गरी रु. १,८०,८२,२५६। तलब भत्ता भुक्तानी गरेको छ।

## १७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य सबै कामको पूर्ण रुपमा हुन सकेको छैन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १८ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १९ ठेक्का व्यवस्थापन

१९.१ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९.२ **आयोजना हस्तान्तरण** : सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट २३२ वटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

१९.३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१९.४ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ ।

## २० पालिका विविध, अतिथी सत्कार र वडा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध र अतिथी सत्कार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विविध खर्च, अतिथी सत्कार खर्चर वडामा भएका विविध खर्चका लागि निम्नानुसार बजेट व्यवस्था गरेको छ। विविध र अतिथि सत्कार खर्चलाई मितव्ययी बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं | बजेट शिर्षक | वार्षिक बजेट | खर्च |
|---|---|---|---|
| १ | विविध खर्च - संघ समानिकरण | १२५०००० | १२४९९८६ |
| २ | विविध खर्च - प्रदेश राजश्व बाँडफाड | ८७७००० | ८५६४९७ |
| ३ | विविध खर्च - संघ राजश्व बाँडफाड | १२५०००० | १२४३५७५ |
| ४ | विविध खर्च - आन्तरिक स्रोत | १८७९७३० | १६३३९४५ |
| | जम्मा | ५२५६७३० | ४९८४००३ |

## २१ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।त्यसै गरी पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक

सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता वितरण गर्नका लागि आवश्यक कार्यविधि बनाएको छैन। गाउँपालिकाको तेह्रौं गाउँसभाले गाउँपालिका अध्यक्ष र वडाध्यक्षले औषधी उपचार गर्न वा अन्य रुपमा आर्थिक सहायता प्रदान गर्न एक परिवारको एक जनालाई मात्र बढीमा रु.२००००। सम्म दिन सक्ने निर्णय गरेपनि पालिकाभरीका कुन परिवारले के कति आर्थिक सहायता प्राप्त गरे सोको विवरण पेश भएन। यसरी निर्णय रकम भन्दा बढी रकम पनि भुक्तानी भएको देखियो। यस वर्ष गाउँपालिका अध्यक्ष र वडा समितिको बैठकको निर्णयका आधारमा निम्नानुसार रकम आर्थिक सहायता वापत वितरण भएको छ। यसरी निश्चित विधि र मापदण्ड तयारी गरी सोही मापदण्डको अधिनमा रही आर्थिक सहायता वितरण गर्नु पर्दछ।

| क्र. सं | बजेट शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | अन्य सामाजिक सुरक्षा ( संघ समानिकरण ) | २७०००० | २७०००० |
| २ | उद्धार राहत तथा पुनस्थापना खर्च ( संघ समानिकरण ) | १७४४०२३ | १३६०२९९ |
| ३ | अन्य सामाजिक सुरक्षा ( संघ राजश्व बाडफाड ) | ६००००० | ५९८६१० |
| ४ | उद्धार राहत तथा पुनस्थापना खर्च ( संघ राजश्व बाडफाड ) | १०००००० | ९२६८८० |
| ५ | उद्धार राहत तथा पुनस्थापना खर्च ( प्रदेश राजश्व बाडफाड ) | २५०००० | १४८००० |
| ६ | उद्धार राहत तथा पुनस्थापना खर्च ( आन्तरिक स्रोत ) | ४६९०५५ | ३१०६०० |
| | जम्मा | ४३३३०७८ | ३६१४३८९ |

## २२ कृषि अनुदान उपयोग सामाग्रीको अभिलेख

गाउँपालिकाको स्थापनाको समय देखि कृषकलाई सहकारी मार्फत वा सिधै २५, ५०, ७५ प्रतिशत वा सतप्रतिशत मुल्यमा माउरीको घार, क्यान, डिप फ्रिज, मिनि टेलर, ट्रयाक्टर लगायतका सामाग्री उपलब्ध गराउँदै आएको छ। वास्तविक सिमान्तकृत कृषकलाई सहुलियतपूर्ण साधन प्रदान गरी उत्पादन लागत घटाई जीवन स्तर उकास्ने अभिप्रायले संघिय, प्रदेश तथा गाउँपालिका स्वयमले यस किसिमको खर्च वर्षेनी गर्दै आएको छ। तर पालिकासँग विगत तीन वर्षमा के कति कृषकले, के कति उपकरण तथा औजार प्राप्त गरेका छन् तिनको अभिलेख माग गर्दा कृषि शाखाले उपलब्ध गराउन सकेन। साथै कृषकलाई यस्ता सामाग्री उपलब्ध गराउदा वास्तविक लक्षित वर्ग पहिचान गरी मापदण्ड तयार गरी वितरण गर्नुपर्नेमा पालिकाले स्वविवेकले सामाग्री उपकरण वितरण गरेको छ। तसर्थ वास्तविक लक्षित कृषकको लगत तयार गरी प्राथमिकताको आधारमा उपकरण लगायतका सामाग्री वितरण गर्ने र सोको अभिलेख राख्नु पर्दछ। परीक्षण गरिएका निम्नानुसारका भौचरमा यस वर्ष पालिकाले देहायका सामान खरिद गरी कृषक छनौटको मापदण्ड तयार नगरी वितरण गरेको केही उदाहरण निम्न अनुसार छनः

| गो. भौ . नं।मिति | अनुदान पाउने समुह | आपूर्तिकर्ताको नाम | विवरण | रकम | कैफियत | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिका चालु | | | | | |
| ८४१- ०८१।०३।०७ | धुस्कोट नमुना कृषि समूह | ओम सत्य साइ मेशिनरी कन्सर्न | मिनिटिलर २ थान | १७७००० | १०० प्रतिशत अनुदान | |
| | गाउँपालिका पूजिगत | | | | | |
| ३००।२०८१।३।२३ | ए. वि . एन . एग्रो नेपाल | उद्यमशिल पशुपन्छी तथा कृषक समूह वडा नं. ८ | मिनिटिलर ६ | २९१००० | ५० प्रतिशत अनुदान | |
| २३७।२०८१।३।२३ | दुलाल मेशिनरी प्रालि | वडा नं. ७ सिधै खरिद | मिनिटिलर १७ | ३००००० | ५० प्रतिशत अनुदान | |
| जम्मा | | | | ७६८००० | | |

२३ **पशु अनुदान**

पालिकाले लक्षित वर्गलाई लक्षित गरेर वितरण गरिने बाख्रा, बोका, भैँसी, गाई तथा ब्रिडिङ्गको लागि वितरण गरिने बोका राँगो लगायतका पशुहरु खरिद गर्नुपूर्व सकेसम्म सरकारी फर्मबाट हावापानी अनुकुल हुने गरी खरिद गर्नुपर्दछ। त्यसरी खरिद गरेका पशुको बिमा गरी ट्याग बाट प्रमाणित गरी पालिका भरी कुन कुन आ.वमा के कति के कसलाई वितरण भयो भनी अभिलेख राखी अनुगमन समेत गर्नुपर्दछ। सरकारी फर्म नभएमा पशु स्वास्थ्य केन्द्रबाट तोकिएका स्रोत केन्द्रबाट गुणस्तर तथा निरोगिता प्रमाणित गरी खरिद गर्नुपर्दछ। पालिकाले उपरोक्त व्यवस्थाहरुलाई वेवास्ता गरी निजी फर्मबाट खरिद गरी वितरण गरेको, वितरणको अभिलेख सम्म राखेको संलग्न भौचरमा देखिन्छ। यसबाट खरिद गरिएका चौपायाको गुणस्तरता बारे यकिन गर्न सकिएन । साथै निरन्तर अनुगमन गरी अभिलेख नराख्दा वितरित चौपायाबाट लक्षित वर्गले के कती जीवन स्तरमा सुधार ल्यायो, त्यसको लेखाजोखा गर्न सकिएन। साथै यसरी खरिद गर्दा पालिकाको कृषि शाखाका विज्ञबाट गर्नुपर्नेमा उपभोक्ता समूहबाट गरेको देखियो। यसरी खरिद गर्न सकिने कानुनी व्यवस्था छैन। पालिकासँग यस सम्बन्धमा जानकारी माग गर्दा गत विगत वर्ष देखि यसरी नै खरिद गर्ने गरेको जानकारी प्राप्त भएको छ। यसरी खरिद गर्ने कार्य नियम सम्मत देखिएन। परीक्षण गरिएका केही उदाहरणहरु निम्नानुसार छन्-

| गो. भौ . नं/मिति | अनुदान पाउने व्यक्ति | विक्रि कर्ताको नाम | वितरण गरिएको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| | गाउँपालिका चालु | | | |
| ९७१- ०८१।०३।२१ | नेत्र कृषि तथा पशुपालन फर्म | कमला कृषि तथा पशुपालन फर्म | भैँसी | ४८५०० |
| ८९३- ०८१।०३।१४ | एकल महिला सम्मान कार्यक्रम वडा नं ८ | कालिन्चोक कृषि तथा पशुपन्छी पालन फर्म | पशु अनुदान | १००००० |
| ८३९- ०८१।०३।०७ | वडा नं ६ दलित महिला पाठापाठी वितरण | जाल्वारी पशु पंक्षी तथा कृषि फर्म | पाठापाठी | ७५००० |
| ६७१- ०८१।०१।३१ | त्रिपुरा कृषि तथा पशुपन्छी विकास फर्म | नव भिमेश्वर कृषि तथा पशुपन्छी फार्म हाउस प्रा. लि | गाइ | ५०००० |
| | कृषि चालु | | | |
| ३२।२०८१।३।२४ | विभिन्न व्यक्ति | कपिल कृषि तथा पशुपंक्षी फर्म | गाई | ५८००० |
| ३२।२०८१।३।२४ | विभिन्न व्यक्ति | चिम्लिडवेशी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | गाई | ५८००० |
| ३२।२०८१।३।२४ | विभिन्न व्यक्ति | नागदेवि पशुपालन कृषि फर्म | गाई | ५८००० |
| ३२।२०८१।३।२४ | विभिन्न व्यक्ति | मौसम कृषि फार्म प्रा.लि | गाई | ४९१०० |
| ३२।२०८१।३।२४ | विभिन्न व्यक्ति | हिमालयन अर्गानिक कृषि फार्म | गाई | ५८००० |

२४ **रितपूर्वकको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्सबाट मु.अ.कर रु.१०,१०८।८० समेत रु.८७,८६८।८० को मसलन्द सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेशगर्नुपर्ने रु.

| गो. भौ . नं।मिति | भुक्तानी पाउनेको नाम | प्यान नं | कर विजकक अवस्था | भुक्तानी रकम | मु. अ . कर रकम |
|---|---|---|---|---|---|
| ९०९-०८१/०३/१६ | अन्तोष सप्लायर्स | ६२०९४४७८० | ००५ लाइ केरमेट गरी ०२५ बनाएको | ८७८६८।८० | १०१०८।८० |
| | जम्मा | | | | १०१०८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,१०८ |

२५ **ई हाजिरी** (८०३/२०८१-३-६):

पालिकाले परम्परागत हाजिरी कापीमा कर्मचारीको हाजिरी गर्ने कामको बदलामा इलेक्ट्रोनिक हाजिरी मार्फत हाजिरी गर्नका निम्ति मिस्टिक म्याजिक ट्रेडिङ्ग प्रा.लीबाट मिति २०८१।०२।२२ गते ७ वटा इ-हाजिरी मेसिन खरिद गरी रु.१,९९,९००।– भुक्तानी गरेको छ। लेखापरीक्षण अवधि सम्म उक्त मेसिनबाट हाजिरी गरेको देखिएन। तसर्थ खरिद गरिएको मेसिनबाट हाजिरी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

२६ **गाडीभाडा**

गाउँपालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि २ वटा गाडीको व्यवस्था गरेको छ। साथै कार्यालयले वडा अध्यक्ष र कर्मचारीहरुको लागि आवश्यकता अनुसार मोटरसाइकल उपलब्ध गराएको छ। सो बाहेक विभिन्न मितिमा विभिन्न स्थानमा जाँदा, विभिन्न कार्यक्रममा कर्मचारी लैजान ल्याउन, विभिन्न योजना अनुगमन गर्न जादा, विभिन्न सामाग्री ढुवानी गर्दा प्रयोग भएको लगायतको व्यहोरा जनाइ सम्झौता गरी पटके रुपमा गाडी भाडा वापत दैनिक रु.६,०००। देखि रु.८,५००। सम्म गरी सवारी साधन तथा मेशिनरी औजार भाडा शिर्षकबाट रु.१८,७६,६०६।- भुक्तानी गरेको देखियो। यसरी कर्मचारीले दैनिक भ्रमण भत्ता वापत भुक्तानी लिदा भ्रमण साधन वापत नियमानुसार भुक्तानी लिएको देखिन्छ। पालिकाले गाडी प्रयोग गरेको प्रमाणित गर्ने आवश्यक कागजात संलग्न नगरी आवश्यक परेको समयमा प्रतिदिनको दरले भाडा भुक्तानी गर्ने गरी सम्झौता गरी पटके रुपमा विभिन्न समयमा प्रयोग गरेको गाडी भाडा वापत रकम भुक्तानी गरेको छ । पालिकामा मोटर हुँदाहुँदै गाडी भाडामा लिनु पर्नाको कारण स्पष्ट गरी त्यस्ता खर्च नियन्त्रण गर्न पालिकाको ध्यान जानुपर्दछ ।

२७ **शिक्षण अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका निजि श्रोतका शिक्षकहरुलाई बजेट व्यवस्था गरी निम्नानुसार नगरपालिकाको आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट वडा बजेटबाट रु.३६,९०,०००। र गाउँपालिकाबाट रु.५७,००,०००। गरी जम्मा रु.९३,९०,०००। बजेट व्यवस्था गरेको विवरण पेश भएको छ। यसरी निजि श्रोतका शिक्षकको तलब भत्ता भुक्तानी गरी थप दायित्व सृजना गरेको छ।

| वडा नं | विद्यालयको नाम | वडा | पालिका | जम्मा |
|---|---|---|---|---|
| १ | श्री आनन्द माध्यामिक विद्यालय | ३००००० | ४५०००० | ७५०००० |
| १ | श्री वनकाली आधारभुत विद्यालय | १००००० | ३००००० | ४००००० |
| २ | श्री फुल्पिङको माध्यामिक विद्यालय | २००००० | १००००० | ३००००० |
| २ | श्री लक्ष्मीदेवी माध्यामिक विद्यालय | १५०००० | २००००० | ३५०००० |
| २ | श्री सेतीदेवी आधारभुत विद्यालय | १५०००० | १५०००० | ३००००० |
| २ | श्री अर्चले आधारभुत विद्यालय | १००००० | १००००० | २००००० |
| ३ | श्री भिमसेन माध्यामिक विद्यालय | ९००००० | ३००००० | १२००००० |
| ३ | श्री च्यानडाडाँ आधारभुत विद्यालय | १००००० | ३००००० | ४००००० |
| ३ | श्री सिमासिङ आधारभुत विद्यालय | ५०००० | १००००० | १५०००० |
| ४ | श्री जालपादेवी माध्यामिक विद्यालय | ० | ५००००० | ५००००० |
| ४ | श्री सेतीदेवी माध्यामिक विद्यालय | २००००० | ३५०००० | ५५०००० |
| ४ | श्री करङ्गैरा आधारभुत विद्यालय | १००००० | ३००००० | ४०००० |
| ५ | श्री बलेफी माध्यामिक विद्यालय | १५०००० | १५०००० | ३००००० |
| ५ | श्री जनसेवा आधारभुत विद्यालय | १००००० | १००००० | २००००० |
| ५ | श्री विञ्ज्याल आधारभुत विद्यालय | ५५००० | १००००० | १५५०००० |
| ५ | श्री सतेतीदेवी आधारभुत विद्यालय | १९५००० | ५०००० | २४५००० |
| ६ | श्री कूपकन्या माध्यामिक विद्यालय | ० | ३००००० | ३००००० |
| ६ | श्री सुन्दरादेवी आधारभुत विद्यालय | ० | ३००००० | ३००००० |
| ६ | श्री सातकन्या आधारभुत विद्यालय | ० | २००००० | २००००० |
| ६ | श्री वेत्रावती आधारभुत विद्यालय | ० | १००००० | १००००० |
| ७ | श्री बालशिक्षा माध्यामिक विद्यालय | १००००० | ३००००० | ४००००० |
| ७ | श्री सरस्वती माध्यामिक विद्यालय | १५०००० | २००००० | ३५०००० |
| ७ | श्री गोल्मादेवी आधारभुत विद्यालय | ५०००० | १००००० | १५०००० |
| ७ | बालज्योती आधारभुत विद्यालय | ४०००० | ० | ४०००० |
| ८ | श्री वनसाँघु माध्यामिक विद्यालय | ३००००० | ४५०००० | ७५०००० |
| ८ | श्री कालिदेवी आधारभुत विद्यालय | १००००० | १५०००० | २५०००० |
| ८ | श्री जनचेतना आधारभुत विद्यालय | १००००० | ५०००० | १५०००० |
| | जम्मा | ३६९०००० | ५७००००० | ९३९०००० |

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वटा वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ९९.६७९ दिनले ७७७५ दिन रोजगारी उपलव्ध गराई रु ५२७२७२० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## २९ कर संकलन तथा राजस्व

२९.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १९२७६३।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२९.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृतसम्पत्तिकररघरजग्गाकर | ११५०००० | ८३४४९५ | ७२.५६ |
| घरजग्गावहालकर | ११५०००० | १९२६५०७ | १६७.५२ |
| व्यवसायकर | २५०००० | १९२७६३ | ७७.११ |
| वहालविरौटीशुल्क | ४०००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२९.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७०२१०६९० | ६११६५२१ | २.२६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९.४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५९१५०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ६११६५२१।- अर्थात अनुमान भन्दा ३.४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९.५ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

२९.६ **रिजेक्ट भौचर** - पालिकाले उठाउने सम्पूर्ण मालपोत कर, राजस्व, बहाल कर, सिफारिस दस्तुर लगायतका करको लागि सांग्रीला माईक्रोसिस्टम प्रा.लि. काठमाडौँले निर्माण गरेको कर संकलन प्रणाली प्रयोग गर्दै आएको छ । यस वर्ष यस पालिकाले सो सफ्टवेयरको वार्षिक प्रतिवेदन हेर्दा रु. १४,०१,७११.९२ कर संकलन गरेको देखिन्छ। यस कर प्रणालीमा भुलबस कुनै भौचर काट्दा रिजेक्ट भएको भौचरको विवरण पालिकाले प्रयोग गर्ने एडमिनमा रिजेक्ट भएको सम्पूर्ण विवरण देखिएको पाईएन। यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ।

## ३० दरबन्दी भन्दा बढी

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगर सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लेखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। तर पालिकाले माथि उल्लेखित प्रकृया पुरा नगरी तपसिलका पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी पदपूर्ति गरी जम्मा रु.१,८२,११,२४२। खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सि. नं | पद | स्वीकृत दरबन्दी | पदपूर्ती संख्या | पदपूर्ती प्रकार | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | सब इन्जिनियर | १ जना | २ जना | करार | ४६१४९० |
| २ | सहायक कम्प्युटर अपरेटर | - | ८ जना | करार | ३५०१८०८ |
| ३ | बालमैत्री सहजकर्ता | - | ८ जना | करार | १८४८००० |
| ४ | सामाजिक परिचालिका | - | १ जना | करार | ४३७७२६ |
| ५ | अ. हे . ब | - | ५ जना | करार | २१८८६३० |
| ६ | अ. न . मी | - | ४ जना | करार | १७५०९०४ |
| ७ | हलुका सवारी चालक | - | २ जना | करार | ७३७९१२ |
| ८ | कार्यालय सहयोगी | - | २२ जना | करार | ७२८४७७२ |
| | जम्मा | | | | १८२११२४२ |

| | |
|---|---|
| अनियमित भएको | १,८२,११,२४२ |

३१ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई मिति २०७९।०३।१२ को एघारौँ गाउँ सभा वैठकको निर्णय नं २४ मा कार्यालयमा स्थायी वा करारमा कार्यरतमा ईन्जिनियर, सब ईन्जिनियर, असिस्टेन्ट सब ईन्जिनियर र खा.पा.स.टेहरुलाई आ.व २०७९।८० देखि नै फिल्डमा खटिएवापत प्रोत्साहन स्वरुप सुरु तलब स्केलको १५ प्रतिशत फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरेको छ। यसरी यस वर्ष ११ जना प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता वापत रु. २७,५१,७०८। भुक्तानी गरेको छ। फिल्ड भत्ता भुक्तानी गर्दा अनुपस्थित दिन, काजमा रहेको अवधि र सार्वजनिक विदाको दिन वा आफु बिदा बसेमा सो अवधिको फिल्ड भत्ता दामासाहीले कट्टि गरेर मात्र भुक्तानी दिने निर्णय भएको छ। तर कार्यालयले यस सम्बन्धि अभिलेख नराखी सुरु तलबको १५ प्रतिशतले हुने रकम सबै फिल्ड भत्ता वापत भुक्तानी गरेको छ।

३२ **ईन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले बलेफी गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७९ बनाइ ईन्धनका लागि विभिन्न बजेट शिर्षकमा रु.३३,००,०००। बजेट विनियोजन गरी सुनकोशी आयल स्टोर्स प्रा.ली (३०५३८७१०१) बाट विभिन्न मिति र भौचरबाट ईन्धनको कुपन प्रयोग गरी रु.३०,१९,३७९। खर्च गरेको छ। यसरी बनाएको कार्यविधिमा भएको व्यवस्था भन्दा बढी परिमाणमा ईन्धन खर्च भएको छ। ईन्धन प्रयोगको आवश्यक लगबुक बनाएको छैन। बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को अनुसुची १(क) मा पदाधिकारीलाई मासिक उपलब्ध गराइने इन्धन लिटर भन्दा पालिकाले बढी परिमाणमा इन्धन उपलब्ध गराएको छ। यस्तै कार्यपालिका सदस्यले सेवा सुविधामा नै यातायात वापत मासिक रुपमा भुक्तानी लिएपश्चात पनि केही सदस्यले इन्धनको कुपन लिइ इन्धन प्रयोग गरेको देखिएको छ। यसरी ईन्धन प्रयोगको कार्यविधिमा तोके अनुसार खर्च गर्ने र सेवा सुविधामा तोकेको दरमा इन्धन उपलब्ध गराइ दोहोरो सुविधा लिने पदाधिकारीको सम्बन्धमा तहाँबाटै छानविन गरी दोहोरो ईन्धन सुविधा लिएको व्यक्तिबाट असुल गरी प्रमाण पेश गर्नुपर्ने रु.

| क्र. सं | पदाधिकारीको नाम | यातायात खर्च मासिक | वार्षिक भुक्तानी |
|---|---|---|---|
| १ | का. पा सदस्य ईश्वरी भण्डारी | रु. २५००। | ३०००० |
| २ | का. पा सदस्य रश्मी तामाङ | रु. २५००। | ३०००० |
| ३ | का. पा सदस्य देवकी भुजेल | रु. २५००। | ३०००० |
| ४ | का. पा सदस्य समिक्षा भुजेल | रु. २५००। | ३०००० |
| ५ | का. पा सदस्य कविता काफ्ले | रु. २५००। | ३०००० |
| ६ | का. पा सदस्य ज्ञाने सुनार | रु. २५००। | ३०००० |
| | जम्मा | | १८०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,००० |

३३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु ११,९५,९०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ११,९५,९०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १ | २०८०।०३।०८ | युवा सोरोजगार कार्यक्रम | फुर्पा छिरिङ तामाङ | २५०००० |
| २ | २०८०।०३।०८ | संचार सामाग्री प्रशारण तथा छपाई | फुर्पा छिरिङ तामाङ | १२०००० |
| ३ | २०७९।०३।०३ | गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम | बाबुकाजी रोक्का | ३२६००० |
| ४ | २०७८।१२।२३ | स्वास्थ्य शसर्त तर्फका विभिन्न कार्यक्रमहरु | सुरेश साह सुडी | ४९९९०० |
| जम्मा | | | | ११९५९०० |

| | |
|---|---|
| पेश्की | ११,९५,९०० |

३४ **मासिक ज्यालादारी कर्मचारी**

बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था गरी ऐनमा तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाइ आएको तलब भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर हुने व्यवस्था गरेको छ। गाउँपालिकाले सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सरसफाइ कर्मचारीलाई मासिक तथा ज्यालादारीमा कार्य गराइ जम्मा रु.१६,८०,४२४।भुक्तानी खर्च गरेको छ। उक्त खर्च नियम सम्मत नभएको रु.

| क्र. सं | ज्यालादारी कर्मचारी | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर | १ जना | ४०४८२४ |
| २ | कार्यालय सहयोगी | ३ जना | ६५२८०० |
| ३ | सरसफाइ कर्मचारी | ३ जना | ६२२८०० |
| | जम्मा | | १६८०४२४ |

| | |
|---|---|
| अनियमित भएको | १६,८०,४२४ |

## ३५ मर्मत आदेश

सार्वजनिक खरिद नियमावली २०६४ (बाहौँ संसोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ।उक्त व्यवस्था अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी खरिद गरिएका वा फेरिएका सामाग्रीको नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले कुनै कुनै सवारी साधन मर्मतमा नियमानुसार मर्मत आदेश तयार नगरी सोझै बिलका आधारमा भुक्तानी गरेको देखियो। यसरी नियममा भएको व्यवस्थाको पालना गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

## ३६ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले ४३ जनप्रतिनिधिहरुलाई पदाधिकारी अन्य सुविधा शिर्षक र अन्य अपुग बजेट अन्य शिर्षकबाट बजेट व्यवस्था गरी जनप्रतिनिधिको सेवा सुविधा वापत जम्मा रु. ५८,८६,०००। भुक्तानी गरेको छ।

| क्र. सं | पदाधिकारी | संख्या | मासिक सुविधा (प्रति सदस्य) | जम्मा वार्षिक |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | १ जना | ३४००० | ४०८००० |
| २ | गाउँपालिका उपाध्यक्ष | १ जना | ३०००० | ३६०००० |
| ३ | वडाध्यक्ष | ८ जना | १९००० | १८२४००० |
| ४ | कार्यपालिका सदस्य | ६ जना | १२००० | ८६४००० |
| ५ | वडा सदस्य | २७ जना | ७५०० | २४३०००० |
| जम्मा | | ४३ जना | | ५८८६००० |

## ३७ पदाधिकारी घरभाडा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६मा पदाधिकारी सेवा सुविधाको व्यवस्था छ। उक्त व्यवस्थाको अनुसुची १ (क), १ (ख) र १ (ग) मा पदाधिकारीलाई घरभाडा वापत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन। पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको लागि निम्नानुसारका व्यक्तिको घरभाडामा लिएर निम्नानुसार भुक्तानी भएको नियमानुसार नदेखिएको ◌ॅ रु.

| क्र. सं | पदाधिकारी | घरधनीको नाम | मासिक भाडा | वार्षिक भुक्तानी कर बाहेक |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | मदन कुमार तामाङ, अमलटार | रु. २००००। | २१६००० |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री देवी श्रेष्ठ, कोठे बजार | रु. १५०००। | १६२००० |
| जम्मा | | | | ३७८००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३७.१ | गाउँपालिका अध्यक्ष | २१६,००० |
| ३७.२ | गाउँपालिका उपाध्यक्ष | १६२,००० |

| अनियमित भएको | ३,७८,००० |
|---|---|

३८ **सेनिटरी प्याड** (११६-२०८१-२-१४):

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले विद्यालयहरु सँग समन्वय गरी विद्यालयको आवश्यकता, बजमारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्ध वार्षिक रुपमा वितरण गर्न सक्ने व्यवस्था छ । त्यस्तै पालिकाले विद्यालयमा रहेको छात्राको संख्या यकिन गरी विद्यालयको माग अनुसार सेनिटरी प्याड खरिद गर्ने व्यवस्था छ तोकिएको स्पेशिफिकेशन यकिन गरी सेनिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले ११०६० थान प्याड रू. ९२४८३७ मा गोसाईकुण्ड मेडिसिन सप्लायर्स प्रालिबाट खरिद गरेकोमा पालिकाले खरिद गरिएको प्याड तोकिएको स्पेशिफिकेशन अनुसार भए नभएको तथा कुन कुन विद्यालयमा के कति संख्यामा वितरण गरीयो सोको भरपाई सहितको विवरण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ९,२४,८३७ |
|---|---|

३९ **स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण कार्यक्रम** (१७८-२०८१-३-२०):

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट सञ्चालन गरिने सशर्त अनुदानका क्रियाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शन अनुसार क्षयरोग कार्यक्रम अन्तर्गतको स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण कार्यक्रम गर्दा स्वास्थ्य शाखा प्रमुख, क्षयरोग मुक्त नेपाल अभियान संयोजक, ल्यावकर्मी लगायतका स्वास्थ्य शाखासँग सम्बन्धीत कर्मचारीको सहजिकरण, संयोजन, सुवरिवेक्षणमा गर्नुपर्ने व्यवस्था छ। पालिकामा सो कार्यक्रम गर्दा मार्गदर्शनले तोकेको भन्दा बाहेक निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको भत्ता असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने, रू.

| क्र.सं. | पद | नाम | रकम |
|---|---|---|---|
| १ | पालिका अध्यक्ष | श्री गंगा बहादुर तामाङ | ५२०० |
| २ | पालिका उपाध्यक्ष | श्री सरू लामा तामाङ | ५२०० |
| ३ | वडाध्यक्ष | श्री गृविन्द्र चौलागाई | ५२०० |
| ४ | लेखापाल | श्री नारायण प्रसाद न्यौपाने | ३१०० |
| ५ | सहायक पाचौँ | श्री सन्देश सापकोटा | ३९०० |
| ६ | आन्तरिक लेखापरीक्षक | श्री पुस्करदेव गिरी | २७०० |
| | जम्मा | | २५३०० |

| असुल गर्नुपर्ने | २५,३०० |
|---|---|

४० **आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रम** (131-२०८०-८-२४):

स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन अनुसार मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं. २ को आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रमको अनुगमन सम्बन्धित फोकल व्यक्तिले मात्र गर्नु पर्ने व्यवस्था छ। पालिकाले आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रमको अनुगमन गर्दा मार्गदर्शन विपरित देहायका व्यक्तिहरुलाई अनुगमन भत्ता उपलब्ध गराएकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक निम्न व्यक्तिहरुलाई उपलब्ध गराएको अनुगमन भत्ता असूल गरी दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | पद | नाम | रकम |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | श्री रेवन्त दहाल | ३६०० |
| २ | लेखा अधिकृत | श्री बालकृष्ण दहाल | ३६०० |
| | जम्मा | | ७२०० |

| असुल गर्नुपर्ने | ७,२०० |
|---|---|

४१ **न्यानो झोला** (175-२०८०-३-२०):

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी गरेको सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा मातृ तथा नवशिशु कार्यक्रममा न्यानो झोलामा हुने लुगाको विवरण र सोको स्पेशिफिकेशन तय गरेको छ। तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले १०० थानको रु. ६९९१२।५० न्यानो झोला खरिद गरेको छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । पालिकाले सोको गुणस्तर परीक्षण गर्नुपर्दछ।

४२ **रोजगार रणनीति, २०८१** (१७७-२०८१-३-२०):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँगको सम्झौता बमोजिम वैदेशिक साहयता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा मात्र परामर्श सेवा खरिद गर्नु सक्ने व्यवस्था छ । पालिकाले रोजगारी रणनीति, २०८१ निर्माणका लागि सहारा मल्टी सर्भिसेज प्रालि रू. ४९६९९ भुक्तानी गरेको उक्त काय गर्नका लागि जनशक्ति भए तापनि नगराई बाहिरको परामर्शदाताबाट कार्य गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रु. ४९६९९।

| अनियमित भएको | ४९,६९९ |
|---|---|

४३ **प्रशिक्षक भत्ता**

कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउपालिकास्तरमा सञ्चालन हुने सबै प्रकारका (सहायकस्तर) तालिमका प्रशिक्षकको पारिश्रमिक प्रति सेसन कक्षा सञ्चालनबाट ६०० र कार्यपत्रबापत ७०० दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले किसान सुचीकरण कार्यक्रम सञ्चालन गर्दा देहायका प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढि रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. | तालिमको नाम | अवधि | प्रशिक्षकको नाम | निर्देशिकाअनुसार हुनुपर्ने | भुक्तानी भएको रकम | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ११७।२०८१।२।२७ संघीय सशर्त चालु | किसान सूचिकरण कार्यक्रम | २ दिन | श्री प्रेम रावत | २६०० | ३३८० | ७८० |
| | किसान सूचिकरण कार्यक्रम | २ दिन | श्री गजेन्द्र कुमार सार्कि | २६०० | ३३८० | ७८० |
| १७४।२०८१।३।१९ संघीय सशर्त चालु | स्वयमसेवक विकास तथा परिचालन कार्यक्रम | ८ सेसन | श्री अभिषेक तिवारी | १०४०० | १४९६० | ४५०० |
| जम्मा | | | | | | ६०६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०६० |

४४ **शिक्षा - गाउँपालिका चालु**

गाउँपालिका चालु अन्तर्गत शिक्षातर्फ देखिएका व्यहोराहरु यस प्रकारका छन्ः

४४.१ **ढाँचा विपरितको बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्यक दर्ता भएको व्यक्तिले कुनै वस्नु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिए बमोजिमको ढाँचामा बिजक दिनुपर्ने व्यवस्था छ । विद्यालय समायोजन, एकिकरण तथा दरबन्दि मिलान कार्य गरे वापत प्रोयाक्टिभ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर (६०६६९३८७५)ले ऐनले तोकिएको ढाँचा बेगरको बिजक पेश गरी पालिकाले भुक्तानी दिएको छ । सो रिसर्च सेन्टरले पेश गरेको बिजक रित पुर्वक देखिएन। तसर्थ भुक्तानी भएको रु. ३९९९९९।– को मु.अ.कर. रु. ४६०१८।- को मुल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,०१८ |

४४.२ **दिवा खाजा ६-१०** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.७ क्रियाकलाप नं. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान को (घ) संघीय सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरीत गर्दा राष्ट्रिय स्तरका देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतकलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रुपम १८० दिनका दरले बजेट हिसाब भएको छ । (ङ) चालु आवको बजेट हिसाब हुँदा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्याको आधारमा भएको छ। अन्य कक्षाको सम्बन्धमा थप सूचनापश्चात कार्यान्वयन हुने व्यवस्था मिलाउने विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २०।– का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. १५।– का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी (७-१०) हरुलाई दिवा खाजा कार्यविधि बनाई कक्षा ६-१० का विद्यार्थीहरुलाई दिवा खाजा बापत निकासा दिएको छ । तसर्थ सो कार्यविधीमा वर्षको कति दिन र प्रति विद्यार्थी कति रकमको खाजा उपलब्ध गराउने सो समेत उल्लेख नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको दर भन्दा बढी प्रति विद्यार्थि रु. २० का दरले देहायका विद्यालयहरुलाई निकासा भएको रु. ४७६७४४० ।- नियम सम्मत नदेखिएको रु.

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी | किस्ता | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | श्री सरस्वती मा.वि चिम्लिङ | 99 | 111140 | 83500 | 97180 | 96200 | 388020 |
| २ | श्री लक्ष्मीदेवी मा.वि कल्लेरी | 81 | 88060 | 61940 | 76520 | 72540 | 299060 |
| ३ | श्री कालिदेवी आ.वि. टोप्का | 19 | 18340 | 13880 | 17760 | 19480 | 69460 |
| ४ | श्री भीमसेन मा.वि धुस्कोट | 63 | 61380 | 41780 | 58460 | 65420 | 227040 |
| ५ | श्री जनसेवा आ.वि बाघखोर | 22 | 16740 | 14760 | 16120 | 20220 | 67840 |
| ६ | श्री वनकाली आ.वि पैरे | 34 | 24800 | 25080 | 30440 | 29660 | 109980 |
| ७ | श्री सेतीदेवी आ.वि नौविसे | 53 | 50840 | 51860 | 42860 | 32500 | 178060 |
| ८ | श्री सातकन्या आ.वि जालवारी | 48 | 42680 | 31820 | 42480 | 37740 | 154720 |
| ९ | श्री वनसांघु मा.वि. ड्यामसाइट | 66 | 61140 | 47880 | 56640 | 45360 | 211020 |
| १० | श्री बलेफी मा.वि बलेफी | 110 | 93920 | 77620 | 106480 | 71320 | 349340 |
| ११ | श्री करङ्गैरा आ.वि करङ्गैरा | 54 | 33960 | 25700 | 30200 | 40120 | 129980 |
| १२ | श्री कूपकन्या मा.वि मांखा | 119 | 106900 | 86880 | 88040 | 79440 | 361260 |
| १३ | श्री सेतीदेवी मा.वि गहते | 99 | 64980 | 51260 | 67300 | 81920 | 265460 |
| १४ | श्री जालपादेवी मा.वि विज्ज्याल | 134 | 74140 | 55300 | 75220 | 84640 | 289300 |
| १५ | श्री फुल्पिङ्कोट मा.वि फुल्पिङकोट | 127 | 52280 | 40060 | 50380 | 50600 | 193320 |
| १६ | श्री आनन्द मा.वि जलवीरे | 279 | 124840 | 90580 | 124120 | 111580 | 451120 |
| १७ | श्री बाल शिक्षा मा.वि खाडीचौर | 480 | 315240 | 218260 | 220400 | 268560 | 1022460 |
| जम्मा | | | | | | | 4767440 |

| | |
|---|---|
| अनियमित भएको | ४७,६७,४४० |

४४.३ **शिक्षकलाई पुरस्कार** - ४-२०८०।६।२३ माध्यमिक शिक्षा परीक्षा एसईई २०७९ को नतिजाको आधारमा उत्कृष्ट शिक्षक/शिक्षिकाहरुलाई शिक्षा समितिको निर्णय अनुसार विद्यार्थिको नतिजाको आधारमा १४ जना शिक्षकलाई क्रमश रु. १००००, ५००० र २५०० गरी कार्यविधि नबनाई जम्मा रु. ११०००० भुक्तानी दिएको छ । पालिकाले यस्तो किसिमको पुरस्कार व्यवस्था गर्दा छनौटको आधार सहितको कार्यविधि बनाई मात्र दिनु पर्दछ ।

४४.४ **दोहोरो पाठ्यपुस्तक** - ८३४-२०८१।३।०६ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.४.३ क्रियाकलाप नं. २.४.६.१ सार्वजनिक विद्यालयका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको बुँदा नं. ५ अनुसार विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने। यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने, शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ। पालिकाले संघीय शसर्त शिर्षकबाट सबै विद्यालयलाई पुस्तक खरिदको लागि पाठ्यक्रम विकास केन्द्रले तोकेको दर अनुसार अनुदान दिएको भए तापनि पालिकाले विद्यार्थी पुस्तक, बलेफी-७ खाडीचौरबाट सातकन्या आवि, कुपकन्या मावि, बेत्रावति आवि र

सुनदरा देवि आवि रु. १७३००० को HP, KDC, Mori, बेघस्त, व्याकरण र KDC लगायतका पुस्तक खरिद गरी देहायको विद्यालयलाई वितरण गरेकोमा दोहोरो पुस्तक खरिद गरेकोले सो रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,७३,००० |
|---|---|

४४.५ **बढी दिवा खाजा** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को २.८.७ क्रियाकलाप नं. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान को (घ) संघीय सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरीत गर्दा राष्ट्रिय स्तरका देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतकलाई आधार मानी प्रति विद्यार्थी वार्षिक रपमा १८० दिनका दरले विद्यालयलाई निकासा गर्ने उल्लेख छ । पालिकाले आफ्नो आन्तरिक बजेटबाट देहायका विद्यालयहरुमा १८० दिन भन्दा बढी रु. ३९०८०।- बढी दिवा खाजा निकासा गरेको रकम असुल गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी | जम्मा | जम्मा दिन | बढी दिन | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि चिम्लिङ | 99 | 388020 | 196 | 15.97 | 31620 |
| २ | श्री लक्ष्मीदेवी मा.वि कल्लेरी | 81 | 299060 | 184.6 | 4.605 | 7460 |
| **जम्मा** | | | | | | **39080** |

| असुल गर्नुपर्ने | ३९,०८० |
|---|---|

४४.६ **गाडी भाडा** - ३८-२०८१।२।२४ यस गाउँपालिकाले २०८० फागुन १५ र २० गतेको दिन विद्यालय एकिकरण तथा समायोजन कार्यमा खटिनु हुने विज्ञ हरुलाई काठमाडौँ देखि बलेफि सम्मको लागि रु. ७०००।– का दरले २ दिनको १४०००।– कृष्ण प्रसाद पराजुलीलाई भुक्तानी दिएको छ । सो सम्बन्धि कार्यको लागि प्रोयाक्टिभ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टरसँग सम्झौता गरी कन्सल्टेन्सीलाई सम्पूर्ण काम गरेको भुक्तानी दिई सकेपछि पनि थप रु.१४०००।– गाडी भाडा वापत भुक्तानी भएको दिन नमिल्ने रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १४,००० |
|---|---|

४४.७ **दरवन्दि मिलान** - ३७-२०८१।२।१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँगको सम्झौता बमोजिम वैदेशिक साहयता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा मात्र परामर्श सेवा खरिद गर्नु सक्ने व्यवस्था छ । विद्यालय समायोजन तथा व्यवस्थापन अनुदान शिर्षक अन्तर्गत पालिकाले ३ वटा फर्मसँग विद्यालय समायोजन, एकिकरण तथा दरबन्दि मिलानगर्नका लागि दररेट माग गरी प्रोयाक्टिभ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर (६०६६९३८७५) लाई रु. ३९९९९।– भुक्तानी दिएको छ । पालिका भित्र विद्यालय समायोजन, एकिकरण तथा दरबन्दि मिलानगर्नका लागि जनशक्ति भए तापनि आफ्नो जनशक्तिबाट नगराई बाहिरको परामर्शदाताबाट कार्य गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ।

## ४५ **शिक्षा - संघीय ससर्त चालु**

संघीय ससर्त चालु अन्तर्गत शिक्षा तर्फ देखिएका व्यहोराहरु यस प्रकार छन्ः

४५.१ **छात्रा छात्रवृत्ती बढी भुक्तानी** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को २.८.५ क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको बुँदा नं. ४.२ गैर आवासीय छात्रवृत्ति अन्तर्गत छात्रा छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय) प्रति विद्यार्थी वार्षिक रु. ४००।– उपलब्ध गराउने उल्लेख छ । यस पालिका अन्तर्गतका विद्यालयको २०८० सालको विवरण IEMIS बाट भिडान गर्दा देहायको विद्यालयहरुमा रु. ५६००।- बढी निकासा भएको रकम असुल गरि संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६०० |

४५.२ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेका २८ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी विवरण | | | | पदपूर्ति विवरण | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | | |
| 1 | आनन्द मा वि. जलविरे | 13 | 2 | 3 | 0 | 3 | 9 | 3 | 0 | 358 | 1:24 |
| 2 | वनकाली आ.वि बलेफी जलविरे | 3 | 2 | 0 | 0 | 2 | 0 | 0 | 0 | 80 | 1:40 |
| 3 | फूल्पिडकोट मा.वि. | 6 | 5 | 3 | 0 | 5 | 1 | 3 | 0 | 164 | 1:18 |
| 4 | भिमसेन मा. वि. | 4 | 4 | 0 | 0 | 4 | 0 | 0 | 0 | 147 | 1:37 |
| 5 | लक्ष्मीदेवी मा.वि. | 5 | 4 | 0 | 0 | 4 | 0 | 0 | 0 | 101 | 1:25 |
| 6 | सिमासिङ आ.वि. (बाल विकास) | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | 1:0 |
| 7 | सेती देवी आ. वि. नौविसे | 3 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 70 | 1:70 |
| 8 | च्यानडाँडा आ.वि. | 0 | 3 | | 0 | 3 | 0 | | 0 | 57 | 1:19 |
| 9 | अर्चले आ. वि. | 0 | 2 | 0 | 0 | 2 | 0 | 0 | 0 | 27 | 1:14 |
| 10 | बलेफी मा. वि. बलेफी | 5 | 5 | 0 | 0 | 5 | 0 | 0 | 0 | 129 | 1:26 |
| 11 | जालपा देवी मा. वि. विञ्ज्याल | 6 | 4 | 2 | | 5 | 2 | 2 | | 203 | 1:23 |
| 12 | फलाटेदेवी आ.वि. (बाल विकास) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 6 | 1:0 |
| 13 | सेती देवी मा. वि. | 4 | 3 | 0 | 0 | 3 | 0 | 0 | 0 | 119 | 1:40 |
| 14 | जनसेवा आ.वि बलेफी | 4 | 3 | 0 | 0 | 3 | 0 | 0 | 0 | 45 | 1:15 |
| 15 | करङ्गैरा आ.वि | 2 | 3 | 0 | 0 | 3 | 0 | 0 | 0 | 84 | 1:28 |
| 16 | विञ्ज्याल आ.वि बलेफी | 0 | 3 | 0 | 0 | 3 | 0 | 0 | 0 | 40 | 1:13 |
| 17 | सेती देवी आ.वि बलेफी (बाल विकास) | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 8 | 1:0 |
| 18 | बाल शिक्षा मा.वि बलेफी | 8 | 7 | 2 | | 7 | 3 | 2 | | 519 | 1:43 |
| 19 | कुपकन्या मा.वि बलेफी | 5 | 6 | 1 | 0 | 6 | 1 | 2 | 0 | 116 | 1:13 |
| 20 | सरस्वती मा.वि बलेफी | 3 | 7 | 0 | 0 | 7 | 0 | 0 | 0 | 156 | 1:22 |
| 21 | वनसाँघु मा.वि. बलेफी | 4 | 5 | 0 | 0 | 5 | 0 | 0 | 0 | 98 | 1:20 |
| 22 | काली देवी आ.वि. बलेफी | 3 | 2 | 0 | 0 | 2 | 0 | 0 | 0 | 40 | 1:20 |
| 23 | सातकन्या आ.वि. बलेफी | 2 | 2 | 0 | 0 | 2 | 0 | 0 | 0 | 78 | 1:39 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 24 | वेत्रावती आ.वि बलेफी | 1 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 33 | 1:33 | |
| 25 | सुन्दरा देवी आ.वि बलेफी (बाल विकास) | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 32 | 1:0 | |
| 27 | जनचेतना आ.वि. बलेफी | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 16 | 1:16 | |
| 28 | गोल्मा देवी आ.वि. बलेफी | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 16 | 1:16 | |
| **जम्मा** | | **85** | **76** | **11** | **0** | **78** | **16** | **12** | **0** | **2760** | **1:26** | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:० देखि १:७० सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

४५.३ **विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं. २.८.९ क्रियाकलापन नं. २.७.१३.१३ विद्यालयको शैक्षिक गुणस्तर सुदृढ्धीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापन अन्तर्गत देहायका विद्यालयले लागत अनुमान नबनाई, भुक्तानीको लागी वडाको सिफारिस, पालेकाले अनुगमन र कार्य सम्पन्न समेत पेश नगरी गरी रु. १२९३६१५।- भुक्तानी गरेको छ । पालिकाले देहायको विद्यालहरुलाई निम्नानुसार कार्य गरेवापत रु. १२९३६१५।- निकासा भएकोमा सो कार्य भए नभएको यकिनको लागि शिक्षा अधिकृतसहितको टोली अनुगमन गरी कार्यसम्न्न भएको सम्पूर्ण कागजात पेश गर्नुपर्ने रु.

| **गो.भौ.न** | **विद्यालयको नाम** | **कार्यक्रम** | **खर्च रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १६४-२०८१।३।१६ | बाद्यशीक्षा मावि | विज्ञान प्रयोगशाला | ६४५५६० | लागत अनुमान, वडाको सिफारिस, शिक्षा अधिकृतको अनुगमन, कार्य सम्पन्न प्रतिवेदन नभएको । |
| १२८-२०८१।२।३१ | साकन्या आवि | ICT प्रयोगशाला | ६४८०५५ | विद्यालयलाई भुक्तानी दिनुपर्नेमा भोटेकोशी इन्टरप्राइजेज प्रा.लि. खाडीचौर ७ बलेफीलाई दिएको छ। |
| जम्मा | | | १२९३६१५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९३,६१५ |

४५.४ **दलित छात्रवृत्ति** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.५ क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको बुँदा नं. ४.२ गैर आवासीय छात्रवृत्ति अन्तर्गत दलित छात्रवृत्त कक्षा १-८ (गैर आवासीय) प्रति विद्यार्थी वार्षिक रु. ४००।– उपलब्ध गराउने उल्लेख छ। यस पालिका अन्तर्गतका विद्यालयको २०८० सालको विवरण IEMIS बाट भिडान गर्दा देहायका विद्यालयहरुमा रु. ४८००।- बढी निकासा भएको रकम असुल गरि संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| S.N | SchoolName | Grade (Dalit Boys) | | | | | | | | रकम | भुक्तानी | बढी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | | | |
| १ | Shree Karanggaira Basic School | 1 | 0 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1600 | 3600 | 2000 |
| २ | Janasewa Basic School | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 400 | 1600 | 1200 |
| ३ | Bankali Basic School | 1 | 0 | 0 | 1 | 0 | 3 | 2 | 2 | 3600 | 4400 | 800 |
| ४ | Shree Setidevi Secondary School | 0 | 0 | 1 | 1 | 0 | 3 | 1 | 1 | 2800 | 3600 | 800 |
| Total | | | | | | | | | | | | 4800 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

४५.५ **पाठ्यपुस्तकमा बढी भुक्तानी** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.४.३ क्रियाकलाप नं. २.४.६.१ सार्वजनिक विद्यालयका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको बुँदा नं. ५ अनुसार विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने। यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने, शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ। यस पालिकाको IEMIS मा भएको २०८१ सालको जम्मा विद्यार्थी संख्याको आधारमा भिडान गर्दा देहायका विद्यालयहरुमा रु.४०३७९२ बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४५.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०३,७९३ |

४५.६ **सामुदायिक सिकाई केन्द्र** - ८३-२०८१।०१।१८ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरेको, वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेका केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख ५० हजार अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो मापदण्ड बेगर सो कार्यसमेतको लागि कर्मचारीको तलब र थप रु. ४८००००।– मापदण्ड अनुसारको कागजात उपलब्ध नभएको ४ वटा सिकाई केन्द्रको रु. ४८००००।– लेखापरीक्षण प्रतिवेदन सहितको कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | सामुदायिक सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | जलबिरे सामुदायिक सिकाई केन्द्र | १२०००० |
| २ | फुल्पिङकोट सामुदायिक सिकाई केन्द्र | १२०००० |
| ३ | विज्ज्याल सामुदायिक सिकाई केन्द्र | १२०००० |
| ४ | सदाबहार सामुदायिक सिकाई केन्द्र | १२०००० |
| जम्मा | | ४८०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८०,००० |

४५.७ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण

शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

४५.८ **नपाउने भुक्तानी** - १२९-२०८१।२।३१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१, को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.३ शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासन उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने, उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने उल्लेख भएकोमा पालिकाले देहायका १० विद्यालयहरुमा उल्लिखित मापदण्ड षुरा नगरी दामासाहिले रु. ५००००।– का दरले जम्मा रु.५००००० निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
